# बगनासकाली राजपत्र

बगनासकाली गाउँपालिका, पाल्पाद्वारा प्रकाशित

वर्ष–७, संख्या ४, मिति २०८०/०९/२९

## भाग १

## बगनासकाली गाउँपालिकाको

# वन ऐन, २०८०

–स्वीकृत मिति २०८०/०९/२३

## प्रस्तावना

यस बगनासकाली गाउँपालिकाको क्षेत्र भित्र रहेको वनलाई सामुदायिक वन लगायत समुदायमा आधारित वन र निजी वनका माध्यमबाट दिगो व्यवस्थापन गरी वन माथिको सामुदायिक तथा निजी अधिकारको सुनिश्चितता, जलवायु परिवर्तन न्यूनीकरण एवं अनुकूलन, जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवर्द्धन र पर्यापर्यटन एवं वन उद्यमको विकास गर्दै वन पैदावारको सदुपयोग र सोबाट प्राप्त लाभको न्यायोचित बाँडफाँड गर्दै दिगो विकास, सामाजिक तथा आर्थिक समृद्धि र समाजिक न्याय हासिल गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ र २२६, अनुसूची ८ र ९, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम १५ गाउँसभाले यो ऐनको तर्जुमा गरेको छ।

**गाउँसभाबाट स्वीकृत २०८०/०९/२३**

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "बगनासकाली गाउँपालिकाको वन ऐन २०८०" रहेको छ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"उपभोक्ता समूह"** भन्नाले वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र सदुपयोग गर्नका लागि दफा १३ बमोजिम गठन भएको उपभोक्ता समूहलाई जनाउँछ।

(ख) **"चिडियाखाना"** भन्नाले संरक्षण शिक्षा, मनोरन्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण, अध्ययन अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुको परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थानलाई जनाउँछ।

(ग) **“जैविक मार्ग”** भन्नाले वन्यजन्तुहरु एक वासस्थानबाट अर्को वासस्थानमा आवत जावत गर्ने क्षेत्र वा वन जंगल वा वन क्षेत्रलाई जनाउँछ ।

(घ) **“निजी वन”** भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वनलाई जनाउँछ ।

(ङ) **“राष्ट्रिय वन”** भन्नाले यस पालिका अन्तर्गत पर्ने सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन सम्झनु पर्छ ।

(च) **“वन क्षेत्र”** भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वन भित्र रहेको घाँसे मैदान खर्क हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल-तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(छ) **“वन”** भन्नाले पूर्ण वा आंशिक रुपमा रुखहरु वा बुट्यानले ढाकिएको क्षेत्रलाई जनाउँछ ।

(ज) **“वन पैदावार”** भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका वन पैदावारलाई जनाउँछ :

(१) काष्ठ पैदावार

(२) गैरकाष्ठ वन पैदावार (घास, जडीवुटी, पातपतिङ्गर लगायतका अन्य)

(३) ढुंगा, माटो, नदीजन्य र खनिजजन्य पदार्थ ।

(झ) **“वन सिमाना चिन्ह”** भन्नाले राष्ट्रिय वनको सिमाना छुट्टयाउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्वा वा वाटो खोल्सा लगायतका चिन्ह पटलाई जनाउँदछ र सो शव्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्ह समेतलाई जनाउनेछ ।

(ञ) **"व्यवस्थापन योजना"** भन्नाले भन्नाले वनको संरक्षण, संवर्धन, व्यवस्थापन र सदुपयोग गर्न तयार गरिएको र संघीय वन ऐन, प्रदेश वन ऐन तथा यस वन ऐन बमोजिम तोकिएको निकायबाट स्वीकृत भएको वन सम्बन्धी कार्ययो जनालाई सम्झनु पर्छ।

(ट) **"वातावरणीय सेवा"** भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभलाई जनाउँछ :

(क) कार्वन सेवा

(ख) जैविक विविधताको संरक्षण

(ग) जलाधार तथा जलचक्र प्रणाली

(घ) पर्यापर्यटन

(च) तोकिएका बमोजिमका अन्य वस्तु, सेवा वा लाभ।

(ठ) **"सामुदायिक वन"** भन्नाले डिभिजन वन कार्यालय, पाल्पाबाट कानुन बमोजिम उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वन सम्झनु पर्छ।

(ड) **"सार्वजनिक जग्गा"** भन्नाले जग्गा नापजाँच सम्बन्धी कानून र वनसम्बन्धी संघीय कानूनमा परिभाषित गरिएको सार्वजनिक जग्गालाई जनाउँदछ।

(ण) **"गाउँपालकिा"** भन्नाले बगनासकाली गाउँपालिकालाई जनाउँदछ।

(त) **"डिभिजन वन कार्यालय"** भन्नाले प्रदेश सरकार लुम्बिनी प्रदेश अन्तर्गत रहेको डिभिजन वन कार्यालय पाल्पालाई जनाउँदछ।

(थ) **"सव-डिभिजन वन कार्यालय"** भन्नाले डिभिजन वन कार्यालय पाल्पा अन्तर्गत रहेको तानसेन सव-डिभिजन वन कार्यालयलाई जनाउँदछ।

# परिच्छेद २

# वनको सीमा निर्धारण, भू-उपयोग र वन क्षेत्रमा विकास आयोजना सञ्चालन सम्बन्धी व्यवस्था

## ३. वनको सीमा निर्धारण :

(१) वन सम्बन्धी संघीय कानून बमोजिम यस गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरु र आवश्यकता अनुसार वन सिमानामा रहेको निजी जग्गावालाहरुसँग समन्वय र परामर्श गरी वन कार्यालयले राष्ट्रिय वनको सिमाना निर्धारण गरी सिमाना चिन्ह लगाए अनुसारको तयार गरिएको नक्शामा अध्यक्षले प्रमाणित गरी सोको एक प्रति यस गाउँपालिकाको अभिलेखमा र एक प्रति वन कार्यालयमा राख्नुपर्नेछ ।

## ४. वन सिमानाका लागि जग्गा प्राप्त गर्न सक्ने :

(१) दफा ३ बमोजिम वनको सिमाना कायम गर्दा वन संरक्षणको लागि आवश्यक भएमा वनको सिमानासँग जोडिएका सार्वजनिक जग्गा वा निजी जग्गा वा त्यस्तो जग्गामा रहेका कुनै भौतिक संरचनाहरु समेत यस गाउँपालिकासँग परामर्श गरी संघीय कानून बमोजिम वनको सिमाना भित्र पारी वन सिमाना कायम गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा समेत वन सिमाना भित्र पार्नु पर्ने भएमा घर जग्गा प्राप्ति र सोको क्षतिपूर्ति सम्बन्धी व्यवस्था वन सम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

(३) वन सिमाना भित्र परेको निजी जग्गाको लगत कट्टा गर्ने व्यवस्था वन सम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

(४) राष्ट्रिय वनमा परेको निजी जग्गाको लगत कट्टा गरिएमा वन कार्यालयले सोको जानकारी यस गाउँपालिकामा दिनुपर्नेछ र यस गाउँपालिकाले सोही बमोजिम निजी जग्गाको करको लगत कट्टा गर्नुपर्नेछ ।

## ५. वन क्षेत्रको जग्गा निजी दर्ता गर्न नहुने :

(१) वन सिमाना कायम भएको राष्ट्रिय वन भित्रको जग्गा कसैले पनि दर्ता गर्न गराउन वा हक प्राप्त गर्न पाइने छैन र कसैले वन क्षेत्रको जग्गा निजी दर्ता गरे गराएमा "वन ऐन २०७६" बमोजिम स्वतः बदर हुनेछ ।

(२) वन क्षेत्रको जग्गा दर्ता बदर र लगत कट्टा सम्बन्धी व्यवस्था वन सम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

(३) वन कार्यालयले उपदफा (२) बमोजिम वन क्षेत्रको जग्गा दर्ता बदर र लगत कट्टा सम्बन्धमा गरेको निर्णयको जानकारी यस गाउँपालिकालाई दिनु पर्नेछ र यस गाउँपालिकाले सोही बमोजिम निजी जग्गा दर्ताको कर सम्बन्धी लगत कट्टा गर्नुपर्नेछ ।

## ६. वनसम्बन्धी भू–स्वामित्व :

(१) यस गाउँपालिकाको क्षेत्र भित्र रहेको वन माथिको भू–स्वामित्व सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) सामुदायिक वन लगायतका समुदायमा आधारित वन माथिको भू–स्वामित्व नेपाल सरकारको रहनेछ ।

(ख) यस गाउँपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरु माथिको भू–स्वामित्व यसै स्थानीय तहमा निहित रहनेछन् ।

## ७ वनको व्यवस्थापन :

(१) यस गाउँपालिकामा रहेको राष्ट्रिय वनलाई सामुदायिक वन र आवश्यकता अनुसार समुदायमा आधारित अन्य वनको रुपमा व्यवस्थापन गर्दा यस पालिकाको सिफारिसमा "वन ऐन २०७६" अनुसार हुनेछ ।

(२) यस गाउँपालिकाको सार्वजनिक जग्गामा रहेको वनलाई सामुदायिक वनको रुपमा विकास र व्यवस्थापन गर्न सकिनेछ ।

## ८. भू-उपयोग योजना :

यस स्थानीय तहले भू-उपयोग योजना बनाउँदा सामुदायिक वन वा समुदायमा आधारित वनलाई वन क्षेत्रको रुपमा नै कायम गर्नुपर्नेछ र वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्नुपर्ने भएमा सम्बन्धित उपभोक्ता समूहको सहमति लिई प्रादेशिक मन्त्रिपरिषद्बाट अनुमति प्राप्त भएमा मात्र वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्न पाइनेछ ।

## ९. वन क्षेत्रको भू-उपयोग योजना :

(१) यस गाउँपालिका वा अन्य सम्बन्धित निकायले भू-उपयोग योजना तर्जुमा गर्दा यस स्थानीय तहको क्षेत्रभित्र रहेको वनलाई वन क्षेत्रको रुपमा नै कायम गर्नुपर्नेछ ।

(२) यस गाउँपालिकाको क्षेत्र भित्र रहेका कुनै पनि वनहरुमा कुनै पनि किसिमको पूनर्वास गराइने छैन । तर प्राकृतिक प्रकोप पिडित घरधुरीहरुलाई प्रकोप व्यवस्थापन गर्न लाग्ने अवधीभर वनको कुनै क्षेत्रमा वन विनास नहुने गरी अस्थायी बसोबास गराउन सकिनेछ ।

## १०. वन क्षेत्रमा विकास आयोजना सञ्चालन :

(१) वन क्षेत्रमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र वन क्षेत्रको पुनर्स्थापना गर्ने सम्बन्धी व्यवस्थाहरु वन सम्बन्धी संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछन् ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना बाहेक अन्य आयोजना सञ्चालनका लागि वन क्षेत्रको प्रयोग गर्न पाइने छैन । तर यस गाउँपालिकाले आफ्ना स्थानीय विकास आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नुपर्ने भएमा प्रभावित समुदायसँगको सहमतिमा संघीय वन कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी नेपाल सरकारसँग स्वीकृती लिई निश्चित वन क्षेत्र प्रयोग गर्न सक्नेछ ।

(३) यस गाउँपालिकाको नक्शामा वन क्षेत्रको रुपमा रहेको तर सो ठाउँमा वन कायम नरही विभिन्न किसिमका सार्वजनिक प्रयोजनका लागि उक्त वन क्षेत्रको

जग्गा उपयोग भइरेको अवस्था रहेमा उक्त वन क्षेत्रको जग्गालाई सोही सार्वजनिक प्रयोजनका लागि नै उपयोग गर्ने र सो वन क्षेत्रको जग्गा बरावर अन्यत्र उपयुक्त जग्गाहरुमा वन क्षेत्रको विकास गर्न सकिनेछ।

## ११. खनिज कार्यका लागि वन क्षेत्रको प्रयोग :

(१) सामुदायिक वन क्षेत्रमा रहेको साधारण निर्माणमूखी खनिज पदार्थको संकलन सम्बन्धी कार्य गर्दा वातावरण संरक्षण सम्बन्धी मापदण्ड अपनाइ संघीय कानूनको पालना गरी उपभोक्ता समूहको सहमति लिई उक्त साधारण निर्माणमूखी खनिज पदार्थको रोयल्टी मूल्य भुक्तानी गरे पश्चात् मात्र संकलन गर्न सकिनेछ।

(२) सामुदयिक वन क्षेत्र बाहेकको वन क्षेत्रमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र वातावरण संरक्षण सम्बन्धी मापदण्ड अपनाई संघीय कानून बमोजिम साधारण निर्माणमूखी खनिज पदार्थको संकलन र विक्री वितरण गर्न सकिनेछ।

(३) वन क्षेत्रमा साधारण निर्माणमूखी खनिज पदार्थ बाहेक अन्य मुल्यवान खनिज पदार्थ उत्खनन कार्य गर्दा खानी तथा खनिज पदार्थ र वातावरण संरक्षण सम्बन्धी मापदण्ड अपनाई संघीय कानून बमोजिम गर्नुपर्नेछ।

## १२. वन क्षेत्र प्रयोग गर्दा क्षतिपूर्ति दिनुपर्ने :

(१) कुनै पनि प्रयोजनका लागि वन क्षेत्र प्रयोग गर्दा सामुदायिक वन उपभोक्ता समूहसँग पूर्व सूचित सहमति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम वन क्षेत्र प्रयोग गर्दा सम्बन्धित उपभोक्ता समूह र अन्य प्रभावित समुदायलाई प्रचलित कानून बमोजिमको क्षतिपूर्ति उपलब्ध गराउनुपर्नेछ।

(३) वन क्षेत्र प्रयोग गर्ने क्रममा प्राप्त भएका वन पैदावार सम्बन्धित उपभोक्ता समूहलाई उपलब्ध गराई उक्त वन पैदावार कटान, संकलन, ओसार पसार र घाटगद्धी गर्दा लाग्ने खर्च सम्बन्धित योजना वा विकास परियोजनाले व्यहोर्नुपर्नेछ।

# परिच्छेद ३

# सामुदायिक वन उपभोक्ता समूहको गठन सम्बन्धी व्यवस्था

## १३. उपभोक्ता समूहको गठन :

(१) यस गाउँपालिकामा सामुदायिक हितका लागि सामुहिक रुपमा कुनै वन क्षेत्रको संरक्षण, विकास र व्यवस्थापन गरी वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताहरुले यस गाउँपालिकाको सिफारिस सहित सम्बन्धित सब-डिभिजन वन कार्यालय वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपभोक्ता समूह गठन गर्दा परम्परागत रुपमा वन उपयोग गर्दै आएका उपभोक्ताहरु सहित सम्बन्धित सबै घरधुरीलाई सदस्यको रुपमा समावेश गर्नुपर्नेछ र उपभोक्ता समूहको विधानमा यसरी पहिचान गरिएका सबै धरधुरीबाट एक महिला र एक पुरुषको नाम साधारण सदस्यको रुपमा समावेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम उपभोक्ता पहिचान गरी समूह गठन गर्दा वडा, गाउँपालिका वा जिल्लाको भौगोलिक सीमानाले कुनै असर पार्ने छैन।

(३) उपभोक्ता समूह गठन पश्चात समूहको विधान तयार पारि त्यस्तो विधान उपभोक्ता समूहको साधारण सभाबाट पारित गर्नु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहको कार्य संचालनका लागि बढीमा प्रन्ध्र सदस्यीय कार्यसमिति रहनेछ। कार्यसमितिको अध्यक्ष वा कोषाध्यक्ष पद मध्ये कम्तीमा एक पद र उपाध्यक्ष वा सचिव पद मध्ये कम्तीमा एक पद सहित कार्यसमितिमा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व भएको हुनु पर्नेछ।

(५) उपभोक्ता समूहको कार्यसमितिको पदावधि बढीमा पाँच वर्षको हुनेछ र कुनै पनि व्यक्ति कार्यसमितिको अध्यक्ष पदमा बढीमा दुई कार्यकाल मात्र निर्वाचित वा छनोट हुन पाउनेछ।

(६) उपभोक्ता समूहले स्वीकृत विधानमा निर्धारित प्रक्रिया बमोजिम प्रत्येक वर्ष साधारण सभा र आवधिक रुपमा अधिवेशनको आयोजना गर्नुपर्नेछ ।

## १४. उपभोक्ता समूहको दर्ता :

(१) दफा १३ बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन सोहि दफा अनुसार तयार गरिएको उपभोक्ता समूहको विधान सहित यस गाउँपालिकाको सिफारिसमा सम्बन्धित सब-डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निर्धारित ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाको सिफारिस सहित निवेदन र विधान प्राप्त भएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई दर्ता गरी निर्धारित ढाँचामा दर्ता प्रमाण–पत्र प्रदान गर्नु पर्नेछ ।

(३) वन सम्बन्धी प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा दर्ता भए पश्चात यस गाउँपालिकामा दर्ता विवरण अध्यावधिक गर्नुपर्छ ।

## १५. उपभोक्ता समूह संगठित संस्था हुने :

(१) दफा १४ बमोजिम दर्ता भएको उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र सामुदायिक प्रकृतिको समाजिक संस्था हुनेछ ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता समूहले प्रचलित कानून बमोजिम व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) उपभोक्ता समूहले वन उद्यमको विकास, वन पैदावारको बजारीकरण,

पर्यापर्यटन विकास, सामुदायिक विकास आदि कार्यका लागि विभिन्न पक्षसँग आवश्यक सम्झौताहरु गर्न सक्नेछ ।

(६) उपभोक्ता समूहले आफनो वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन प्रत्येक वर्ष साधारण सभाबाट पारित गर्नुपर्नेछ ।

## १६. प्रगति प्रतिवेदन पेश गर्ने :

(१) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सामुदायिक वनमा गरिएका क्रियाकलाप र वर्तमान अवस्थाको संक्षिप्त विवरण, जैविक विविधता संरक्षण, पर्यापर्यटन र वन उद्यम विकासको अवस्था र उपलब्धी, कोषमा रहेको आर्थिक बिवरण र लेखा परीक्षण प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ र सोको एक प्रति डिभिजन वन कार्यालय पाल्पामा उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा गाउँपालिका र डिभिजन वन कार्यालयले सम्वन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछन् ।

## १७. उपभोक्ता समूहको कोष :

(१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ  र उक्त कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम ।

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम ।

(ग) वन पैदावारको बिक्री बितरणबाट प्राप्त रकम ।

(घ) दण्ड जरिवानाबाट प्राप्त रकम ।

(ङ) सदस्यता नविकरण शुल्क बाट प्राप्त रकम ।

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(३) यस गाउँपालिकाले उपभोक्ता समूहको आवश्यकता र कार्यपम्पादन प्रगतीका आधारमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न अनुदान तथा सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) उपभोक्ता समूहले कोषको सञ्चालनका लागि सामुदायिक वनको कोष परिचालन सम्बन्धी कार्यविधि र गाउँपालिकाले समय समयमा दिएको परामर्शलाई समेत मध्यनजर गरी कोष परिचालन मार्गदर्शन तर्जुमा गर्न सक्नेछ ।

## परिच्छेद ४

## सामुदायिक वन व्यवस्थापन सम्बन्धी व्यवस्था

**१८. सामुदायिक वनको अभिलेख अद्यावधिक गर्ने :**

(१) वन सम्बन्धी प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा दर्ता भई वन व्यवस्थापन कार्ययोजना स्वीकृत भएका यस गाउँपालिकाको क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समूहको दर्ता अभिलेखलाई डिभिजन वन कार्यालय पाल्पाले यस गाउँपालिकामा हस्तान्तरण गर्नुपर्नेछ ।

(२) उपदफा (१)बमोजिम गाउँपालिकामा अभिलेख अद्यावधिक भएका सामुदायिक वन उपभोक्ता समूहहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) (ङ) (२) बमोजिम यस गाउँपालिकामा स्वत:दर्ता भएको मानिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम वन कार्यालयले उपभोक्ता समूहको स्वीकृत विधान र कार्ययोजना सहितको विवरण यस गाउँपालिकामा उपलब्ध गराई सामुदायिक वन उपभोक्ता समूहको दर्ता विवरण अध्यावधिक गर्न आवश्यक सहयोग गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम यस गाउँपालिकामा दर्ता विवरण अद्यावधिक

गरेका सामुदायिक वन उपभोक्ता समूहले आफ्नो स्वीकृत साविक विधान र वन व्यवस्थापन कार्ययोजना बमोजिमका कार्यहरु गर्न सक्ने छन् ।

## १९. सामुदायिक वन हस्तान्तरण :

(१) दफा १३ बमोजिम गठन भएको उपभोक्ता समूहले वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन तथा वन पैदावारको स्वतन्त्र रुपमा मूल्य निर्धारण गर्न र बिक्री वितरण गर्न पाउने गरी राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थित गर्न चाहेमा कार्ययोजना सहित डिभिजन वन कार्यालय पाल्पामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजना डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी उपयुक्तताको आधारमा कार्ययोजना स्वीकृत गर्नुका साथै वन हस्तान्तरण सम्बन्धी प्रमाणपत्र दिनु पर्नेछ ।

(३) वन व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सामुदायिक वनको कार्ययोजना बनाउन, कार्यन्वयन गर्न र संशोधन तथा परिमार्जन गर्नका लागि यस बगनासकाली गाउँपालिकाको परामर्श तथा डिभिजन वन कार्यालय पाल्पाको प्राविधिक सहयोग लिनु पर्नेछ ।

(४) सामुदायिक वनको कार्ययोजना निर्माण गर्ने, स्वीकृत गर्ने तथा त्यसको संशोधन गर्ने अन्य व्यवस्था संघीय वन ऐन २०७६ बमोजिम हुनेछ ।

## २०. वन पैदावारको मूल्य निर्धारण :

सामुदायिक वन उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वनको संरक्षण, विकास, व्यवस्थापन, उपयोग र वन पैदावारको स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी विक्री वितरण गर्न सक्नेछन् । तर उपभोक्ता समूहले आफ्नो वन पैदावार समूह बाहिर व्यापारिक प्रयोजनका लागि विक्री गर्ने भएमा उक्त वन पैदावारको मूल्य निर्धारण गर्दा संघीय वन नियमावलीमा निर्धारित मूल्यदरमा नघट्ने गरी न्यूनतम् मूल्य कायम गर्नुपर्नेछ ।

## २१. सामुदायिक वनको काठ विक्री वितरण :

(१) सामुदायिक वनबाट व्यापारिक प्रयोजनका लागि विक्री वितरण गरिने काठको रुख छपान, कटान, ओसार पसार, श्रमिकहरुको पारिश्रमिक र सुरक्षा, घाटगद्दी, बोलपत्र आह्वान, विक्री, टाँचाको प्रयोग र छोडपुर्जी सम्बन्धी प्राविधिक मापदण्डहरु वन सम्बन्धी संघीय कानून बमोजिम हुनेछन् ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा अवलम्बन गर्ने कार्यविधि वन कार्यालयको समन्वयमा यस गाउँपालिकाले निर्धारण गरे बमोजिम पालिका प्रतिनिधिको रोहवरमा हुनेछ ।

## २२. समुदायिक वनबाट प्राप्त लाभको बाँडफाँड :

(१) सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा पच्चिस प्रतिशत रकम सामुदायिक वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकमको पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभामा पेश गर्नका लागि तर्जुमा गरेको वार्षिक कार्यक्रमको विवरण साधारण सभा हुनभन्दा कम्तिमा ७ दिन अगाडी गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ र गाउँपालिकाले उक्त कार्यक्रममा कुनै सुधार गर्नुपर्ने देखेमा सम्बन्धित वडा कार्यालय मार्फत उपभोक्ता  समूहको वार्षिक कार्यक्रममा सुधारका लागि सुझाव दिन सक्नेछ ।

(४) उपभोक्ता समूह र गाउँपालिकाले संयुक्त रुपमा सामुदायिक वन व्यवस्थापन, वन उद्यम विकास र महिला सशक्तीकरणका कार्यक्रम संचालन गर्ने गरी योजना बनाउन सकिनेछ ।

(५) उपदफा (२) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्त समूहको हितमा

हुने अन्य कार्य र उपभोक्ता समूहको प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ। तर प्रशासनिक कार्यका लागि उपभोक्ता समूहको वार्षिक आम्दानीको बढीमा १० प्रतिशत रकम मात्र खर्च गर्न सकिनेछ।

(६) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावारको बिक्री वापत प्राप्त गरेको वार्षिक आम्दानी मध्ये कम्तीम दश प्रतिशत रकम यस गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ । उक्त रकम गाउँपालिकाले वन तथा वातावरण क्षेत्रमा खर्च गर्नेछ।

## २३. सामुदायिक वनमा कबुलियती वन :

(१) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहभित्र पहिचान गरेका गरिवीको रेखामुनी रहेका विपन्न वर्गका घरधुरी सदस्यहरुलाई सामुहिक वा एकल रुपमा वन पैदावारमा आधारित आय आर्जनका कार्यक्रम गर्नका लागि आफ्नो सामुदायिक वनको कुनै भाग बढीमा दश वर्षका लागि कबुलियति वनको रुपमा उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थाहरु स्वीकृत वन व्यवस्थापन कार्ययोजना र उपभोक्ता समूहको कार्यसमिति एवं कबुलियती वन लिन चाहने समूह बीच हुने सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।

## २४. वन व्यवस्थापन कार्ययोजना विपरित काम गर्नेलाई हुने सजाय :

(१) सामुदायिक वनमा कुनै उपभोक्ताले वन व्यवस्थापन कार्ययोजना विपरित हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहको कार्यसमितिले विधान र कार्ययोजना बमोजिम उपयुक्त सजाय गर्न सक्नेछ।

(२) सामुदायिक वनको कार्ययोजना विपरितको कार्य गर्ने सामुदायिक वनको उपभोक्ता वा अन्य कुनै व्यक्तिलाई समूहले कार्ययोजना बमोजिम कारबाही गर्नुपर्नेछ र यदि समूह आँफैले कारवाही गर्न नसकेमा निजलाई कारवाही गर्नका लागि उपभोक्ता समूहले डिभिजन वन कार्यालय पाल्पामा सिफारिस गर्न सक्नेछ।

(३) उपभोक्ता समूहको कार्यसमितिका पदाधिकारीहरुले समूहको हितका नाममा विधान र कार्ययोजना विपरित कार्य गरेमा त्यस्ता व्यक्तिलाई राष्ट्रिय वनमा कसुर गरे बमोजिमको सजाय हुनेछ ।

(४) उपभोक्ता समूहका सदस्य भन्दा बाहिरको कुनै व्यक्तिले सामुदायिक वनमा हानी नोक्सानी गरेमा निजलाई राष्ट्रिय वनमा गरेको कसुर बमोजिमको सजाय गर्नका लागि उपभोक्ता समूहले डिभिजन वन कार्यालय पाल्पा समक्ष निवेदन गर्न सक्नेछ र निजलाई प्रचलित कानून बमोजिमको सजाय हुनेछ ।

## २५. सामुदायिक वन फिर्ता :

(१) संघीय वन ऐन र नियमावलीमा उल्लिखित अवस्थाको सिर्जना भएमा डिभिजन वन कार्यालय पाल्पाका डिभिजनल वन अधिकृतले सोही ऐन निमममा उल्लिखित प्रक्रिया अवलम्बन गरी सामुदायिक वन फिर्ता लिन सक्नेछ । तर सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघी सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम डिभिजन वन कार्यालय पाल्पाका डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा उपभोक्ता समूहले पैंतीस दिनभित्र प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ । त्यस्तो उजुरी उपर प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

## २६. सामुदायिक वन पुनः हस्तान्तरण गर्ने :

दफा २५ बमोजिम सामुदायिक वन फिर्ता लिने निर्णय बदर भएमा डिभिजन वन कार्यालय पाल्पाका डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन साविकको उपभोक्ता समूहलाई पुनः हस्तान्तरण गर्नुपर्नेछ र वन फिर्ता लिने निर्णय सदर भएमा सामुदायिक वन उपभोक्ता समूह पुनर्गठन गरी उक्त सामुदायिक वन सोही उपभोक्ता समूहलाई पुनः हस्तान्तरण गर्न सकिनेछ ।

## परिच्छेद ५

## वनमा आधारित पर्यापर्यटन, वन उद्यम विकास र वातावरणीय सेवा सम्बन्धी व्यवस्था

### २७. सामुदायिक वनमा पर्यापर्यटन :

(१) सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तह वा सहकारी संस्थासँगको साझेदारीमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न चाहेमा सामुदायिक वनको स्वीकृत कार्ययोजनाको अधिनमा हुने गरी छुट्टै पर्यापर्यटन व्यवस्थापन योजना तयार गरी आफ्नो सामुदायिक वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि तयार पारिएको व्यवस्थापन योजना कानून बमोजिम यस बगनासकाली गाउँपालिकाको अध्यक्ष र डिभिजन वन कार्यालय पाल्पाका डिभिजिनल वन अधिकृतबाट स्वीकृति लिई पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) सामुदायिक वन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउँपालिका र डिभिजन वन कार्यालय पाल्पाले आवश्यक आर्थिक तथा प्राविधिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) सामुदायिक वनमा आधारित पर्यापर्यटनका लागि उपभोक्ता समूहले गाउँपालिका वा संघ संस्था वा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सहकार्य गर्दा यस ऐन र वन सम्बन्धी संघीय कानून विपरित नुहने गरी आपसी सम्झौता गरी पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(६) सामुदायिक वनमा सञ्चालित पर्यापर्यटन कार्यक्रमबाट प्राप्त आम्दानी मध्ये कम्तीमा पचास प्रतिशत रकम पर्यापर्यटन प्रवर्द्धन र कम्तिमा पच्चिस प्रतिशत रकम विपन्न वर्गका लागि आय आर्जनका क्रियाकलापहरु सञ्चालन गर्न अनुदान स्वरुप उपलब्ध गराउनु पर्नेछ ।

## २८. सामुदायिक घरवास (होमस्टे) :

(१) पर्यापर्यटन प्रवर्द्धन गर्ने गरी होमस्टे सञ्चालन गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदायले यस गाउँपालिकामा सामुदायिक होमस्टे दर्ता गरी सञ्चालन गर्न सक्नेछन् ।

(२) सामुदायिक होमस्टे सञ्चालन सम्बन्धी कार्यविधिहरुको पालना गरी सञ्चालित सामुदायिक होम स्टेलाई स्वीकृत योजना अनुसार गाउँपालिकाबाट आवश्यक अनुदान उपलब्ध गराउन सकिनेछ ।

## २९. वन उद्यमको विकास :

(१) यस गाउँपालिकामा रहेका सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनमा निर्धारित मापदण्डहरुको पालना गरी वन पैदावारमा आधारित वन उद्यमको स्थापना र विकास गर्न सक्नेछन् ।

(२) यस गाउँपालिकामा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरुले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनबाट प्रचलित कानूनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्नेछन् ।

(३) सार्वजनिक–निजी–सामुदायिक साझेदारीमा पनि वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ । त्यसका लागि यस ऐन र वनसम्बन्धी संघीय कानून विपरित नहुने गरी उपभोक्ता समूहले गाउँपालिका, संघ संस्था वा निजी क्षेत्रसँग सम्झौता गर्न सक्नेछ ।

(४) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न चाहेमा गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

## ३०. जलाधार संरक्षण :

१) गाउँपालिका क्षेत्रभित्र रहेका जलाधारहरुको संरक्षण सम्बन्धी कार्यहरु सामुदायिक वन उपभोक्ता समूह मार्फत भू तथा जलाधार व्यवस्थापन कार्यालय पाल्पाको समन्वयमा गरिनेछ ।

(२) जलाधार क्षेत्रको संरक्षण गर्ने उपभोक्ता समूहलाई योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि बगनासकाली गाउँपालिका, भू-तथा जलाधार व्यवस्थापन कार्यालय पाल्पा र डिभिजन वन कार्यालय पाल्पाले आवश्यक आर्थिक तथा प्राविधिक र अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) जलाधार क्षेत्रको संरक्षणका माध्यमबाट जलस्रोत लगायतको संरक्षणमा उपभोक्ता समूहले पु¥याएको योगदान वापत जलस्रोत लगायतका स्रोत उपभोग गर्नेले जलाधार क्षेत्र संरक्षण गर्ने उपभोक्ता समूहलाई विभिन्न अनुदान तथा अन्य उत्प्रेरणाका स्रोतहरु उपलब्ध गराउन सक्नेछन् ।

(४) उपदफा (३) बमोजिमका कार्यहरुका लागि उपभोक्ता समूह र जलाधार संरक्षणबाट फाईदा पाउने पक्षका बीच आवश्यक सम्झौता गर्न सकिनेछ ।

## ३१. जैविक मार्गको संरक्षण :

(१) गाउँपालिका क्षेत्रभित्र वन्यजन्तुको आवत जावत गर्ने जैविक मार्गको रुपमा रहेका वन क्षेत्रहरुको संरक्षण र सदुपयोग सामुदायिक वनका माध्यमबाट गरिनेछ।

(२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि गाउँपालिका र डिभिजन वन कार्यालय पाल्पाले थप सहयोग उपलब्ध गराउन सक्नेछ ।

## ३२. सिमसार क्षेत्र संरक्षण :

(१) गाउँपालिका क्षेत्रभित्रको वन क्षेत्रमा रहेका सिमसारको संरक्षण र सदुपयोग सामुदायिक वनका माध्यमबाट गरिनेछ ।

(२) वन क्षेत्र भन्दा बाहिर रहेका सिमसारहरुको संरक्षण र सदुपयोगका लागि सिमसार उपभोक्ता समूह गठन गर्न सकिनेछ ।

(३) सिमसार उपभोक्ता समूह गठन र दर्ता गर्दा सामुदायिक वन उपभोक्ता समूह गठन र दर्ता गर्ने प्रक्रिया अवलम्बन गर्न सकिनेछ ।

(४) सिमसार व्यवस्थापन योजना तर्जुमाका लागि गाउँपालिकाको समन्वयमा वन कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(५) उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका सिमसार क्षेत्रका माछा लगायतका जलचरको विक्री वितरणका लागि उपभोक्ता समूहले आफै व्यवस्था गर्न सक्नेछन् ।

(६) सिमसार क्षेत्रमा सञ्चालित क्रियाकलापहरुबाट उपभोक्ता समूहले प्राप्त गरेको वार्षिक आम्दानी मध्ये कम्तीमा दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

## ३३. सामुदायिक चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन् :

(१) संघीय वन नियमावली अनुसार वन्यजन्तु सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सामुदायिक वन उपभोक्ता समूहले आफै वा अन्य विभिन्न पक्षसँगको सहकार्यमा सामुदायिक चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी योजना तर्जुमा गरी सामुदायिक चिडियाखानाको स्थापना तथा सञ्चालन र वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी कार्यहरु गर्न सक्नेछन् ।

(२) वन्यजन्तु पालन तथा प्रजनन् पश्चात गरिने विक्री वितरणका लागि प्रदान गरिने इजाजत सम्बन्धी मापदण्डहरु संघीय कानूनमा निर्धारण भए बमोजिम हुनेछ ।

(३) सामुदायिक चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्न चाहने उपभोक्ता समूहलाई गाउँपालिकाको समन्वयमा डिभिजन वन कार्यालय पाल्पाले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(४) यसको संचालन बाट उपभोक्ता समूहले प्राप्त गरेको वार्षिक आम्दानी मध्ये कम्तीमा दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

## ३४. वातावरणीय सेवा :

(१) कार्वन सञ्चिति बाहेकका जलस्रोत संरक्षण, जैविक विविधता संरक्षण र पर्यापर्यटनको विकास लगायतका वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने सामुदायिक वन उपभोक्ता समूह लगायतका स्थानीय समुदायले आफ्नो वन

व्यवस्थापन योजना वा विशेष कार्ययोजनामा व्यवस्था गरी वातावरणीय सेवाको व्यवस्थापन र सदुपयोग गर्न सक्नेछन् ।

(२) वातावरणीय सेवाको व्यवस्थापन गरी उक्त सेवा विक्री गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदाय र वातावरणीय सेवा उपयोग गर्न चाहने पक्षका बीचमा सम्झौता गरी वातावरणीय सेवाको खरिद विक्री गर्न सकिनेछ ।

(३) वातावरणीय सेवाको आदान प्रदान तथा खरिद विक्रीबाट प्राप्त लाभको बाँडफाडँ र सदुपयोगसम्बन्धी विषयहरु वातावरणीय सेवाको व्यवस्थापन योजना र आपसी सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

(४) वन क्षेत्रमा सञ्चित गरिने कार्वन सेवाको नियमन र लाभको बाँडफाँड सम्बन्धी व्यवस्था वन सम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

**३५. स्थानीय वातावरण संरक्षण योजना :**

(१) यस गाउँपालिकामा वातावरण संरक्षण र प्रदुषण नियन्त्रणका लागि आवश्यकता अनुसारका वातावरण संरक्षण योजनाको तर्जुमा र कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका वातावरण संरक्षण योजनाको कार्यान्वनका लागि उपभोक्ता समूह, निजी क्षेत्र र सम्बन्धित संघ संस्थासँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

**३६. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन योजना :**

(१) गाउँपालिकामा जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरणका लागि स्थानीय स्तरका जलवायु अनुकूलन योजना तर्जुमा गरी प्रभावित स्थानीय समुदाय मार्फत उक्त योजनाहरुको कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपभोक्ता समूहले समुदायमा आधारित जलवायु अनुकूलन योजना तर्जुमा गर्न चाहेमा त्यस्ता योजना तर्जुमा र सोको कार्यान्वयनका लागि यस गाउँपालिका र डिभिजन वन कार्यालय पाल्पाले आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

(३) जलवायु परिवर्तन न्यूनीकरणका लागि यस गाउँपालिकामा जलवायुमैत्री संरचनाको निर्माण, यातायातका साधनहरुबाट हुने उत्सर्जन न्यूनीकरण र वन क्षेत्रको विकासका माध्यमबाट कार्वन उत्सर्जन न्यूनीकरणका कार्यहरु गर्न सकिनेछ ।

(४) वन विनास तथा वन क्षयीकरण नियन्त्रण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्ने सामुदायिक वन उपभोक्ता समूहलाई सो वापत प्राप्त हुने लाभ उपलब्ध गराउनका लागि गाउँपालिका र डिभिजन वन कार्यालय पाल्पाले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

## ३७. धार्मिक वन सम्बन्धी व्यवस्था :

(१) यस गाउँपालिकामा परापूर्व कालदेखि धार्मिक स्थल र त्यसको वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई उक्त क्षेत्र वरिपरिको राष्ट्रिय वन धार्मिक वनको रुपमा संरक्षणको लागि डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृतले हस्तान्तरण गर्न सक्नेछ । तर, यसरी हस्तान्तरण गरिएको कारणले मात्र त्यस्तो वन त्यस्तो धार्मिक निकाय, समूह वा समुदायको नाममा हक हस्तान्तरण भएको मानिने छैन ।

(२) धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन र दर्ता गर्दा दफा १४ बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(३) धार्मिक वनमा रहेका वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले धार्मिक कार्यमा मात्र उपयोग गर्न सक्नेछ । तर धार्मिक वन क्षेत्रमा विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा प्राप्त भएका वन पैदावार डिभिजन वन कार्यालय पाल्पा र यस गाउँपालिकाको समन्वयमा बिक्री वितरण गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम वन पैदावार उपयोग गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी सार्वजनिक रुपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न पाइने छैन ।

(५) उपदफा (१) बमोजिम जिम्मा दिएको धार्मिक वनमा उपदफा (२) वा उपदफा (३) वा धार्मिक वनमा गर्नु पर्ने वन ऐन बमोजिमका कार्यहरु नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक निकाय, समूह वा समुदायलाई सफाई पेश गर्ने मनासिब मौका दिई धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

(६) डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले उपदफा (५) बमोजिमको सूचना पाएको मितिले ३५ दिन भित्र प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ र प्राप्त उजुरीको सम्बन्धमा प्रदेश वन निर्देशकले गरेको निर्णय नै अन्तिम हुनेछ ।

## ३८. प्रथाजनित अभ्यासमा रहेका क्षेत्रको नक्शांकन र सिमाना निर्धारण :

(१) यस गाउँपालिकामा आदिवासी जनजाति र स्थानीय समुदायले परम्परादेखि प्रथाजनित अभ्यासका रुपमा उपयोग गर्दै आएका क्षेत्रहरु रहेमा सोको पहिचान गरी त्यस्ता क्षेत्रको नक्शांकन र सिमाना निर्धारण गरी प्रथाजनित क्षेत्रको रुपमा घोषणा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा सम्बन्धित आदिवासी जनजाति र स्थानीय समुदायको अग्रिम सूचना गरी सहमति नलिई कुनै पनि पक्षलाई पहुँच प्रदान गर्न पाइने छैन ।

## ३९. वन स्रोत माथिको परम्परागत ज्ञानको संरक्षण :

(१) यस गाउँपालिकामा वन व्यवस्थापन गर्दा वन स्रोतमाथिको आदिवासी जनजाति, दलित र महिलाको अधिकार संरक्षण गर्नुपर्नेछ ।

(२) वन सम्बन्धी कुनैपनि कार्यहरु तथा वन स्रोत परिचालन गर्दा आदिवासी जनजाति र स्थानीय समुदायको रैथाने तथा परम्परागत ज्ञान र प्रथाजनित अभ्यासको पूर्ण सम्मान र संरक्षण गर्नुपर्नेछ ।

(३) वन व्यवस्थापन गर्दा र वन स्रोत परिचालन गर्दा वनमा आश्रित जीविकोपार्जनको अधिकारबाट कसैलाई पनि बञ्चित गर्न पाइने छैन ।

(४) यस गाउँपालिकामा रहेका आदिवासी जनजाति र स्थानीय समुदायले वन,

जैविक विविधता, आनुवंशिक स्रोत तथा प्राकृतिक स्रोतसँग सम्बन्धित आफ्ना परम्परागत ज्ञानहरुको बारेमा सामुदायिक आलेख तयार गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम सामुदायिक आलेख बनाउन चाहने आदिवासी जनजाति र स्थानीय समुदायलाई यस गाउँपालिका र डिभिजन वन कार्यालय पाल्पाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(६) आदिवासी जनजाति र स्थानीय समुदायले उपदफा (४) बमोजिम तयार गरेको सामुदायिक आलेखलाई अभिलेखित गराउन चाहेमा यस गाउँपालिकामा सोको विवरण सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद ६

## निजी तथा सार्वजनिक जग्गामा वन व्यवस्थापन सम्बन्धी व्यवस्था

### ४०. निजी वन दर्ता :

(१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी यस गाउँपालिकाले नीजि वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको जानकारी यस गाउँपालिकाले डिभिजन वन कार्यालय पाल्पालाई गराउनु पर्नेछ ।

### ४१. निजी वनको व्यवस्थापनः

(१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय पाल्पा वा सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नं परेमा सम्बन्धित स्थानीय तहबाट स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक प्रयोजनको लागि एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नं परेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(५) घरायसी प्रयोजनको लागि कुनै जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नं परेमा जुन स्थानीय तहबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नं परेमा जुन जिल्लाबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो जिल्लाको डिभिजन वन कार्यालय पाल्पाबाट स्वीकृति लिनु पर्नेछ ।

(६) निजी वनको धनीलाई यस गाउँपालिकाबाट पारित कार्यक्रम अनुसारका सुविधा उपलव्ध गराउन सक्नेछ ।

(७) कुनै निजी वन धनी व्यक्ति, संस्था, समूह वा समुदायले यस गाउँपालिका र संघीय मापदण्डको अधीनमा रही कृषि वन, जडीबुटी खेती तथा वन्यजन्तु पालन समेत गर्न सक्नेछ ।

## ४२. सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः

(१) यस गाउँपालिकाले संघीय वन कानूनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय पाल्पा वा सब डिभिजन वन कार्यालयले यस गाउँपालिकालाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरु संघीय वन कानूनमा निर्धारित कार्यविधि पूरा गरी काट्न वा हटाउन सकिनेछ ।

## ४३. शहरी वनको विकास र व्यवस्थापन :

(१) यस गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको शहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघ संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा शहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने शहरी वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालय पाल्पा वा सब-डिभिजन वन कार्यालयले उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने शहरी वनको वन पैदावार यस गाउँपालिकाले विभिन्न प्रयोजनका लागि प्रयोग गर्न सक्नेछ ।

## ४४. वेवारिस वा दरियावुर्दी काठबाट प्राप्त लाभको बाँडफाँड :

लुम्बिनी प्रदेश सरकारले संघीय वन कानून बमोजिम यस गाउँपालिकाको क्षेत्रबाट संकलित वेवारिस वा दरियावुर्दी काठबाट प्राप्त लाभको तोकिएको प्रतिशतले हुने रकम यस गाउँपालिकाको सञ्चित कोषमा उपलब्ध गराउनु पर्नेछ ।

## ४५. वृक्षारोपण कार्यक्रम सञ्चालन :

(१) यस गाउँपालिकाको प्रत्येक वडामा उपभोक्ता समूह वा वन सहकारी संस्थाको स्वामित्वमा कम्तिमा एउटा नर्सरी स्थापना गर्नका लागि आवश्यक व्यवस्था गरी सोको लागि अनुदान उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित नर्सरीमा किसान, निजी वन तथा सामुदायिक वन उपभोक्ता समूहको माग अनुसारका रैथाने र पारिस्थितिकीय प्रणालीमैत्री व्यावसायिक विरुवाहरुको उत्पादन र विक्री वितरण गर्न प्राथमिकता दिनुपर्नेछ ।

(३) किसान तथा निजी वनवालाहरुलाई नि:शुल्क वा न्यूनतम् शुल्कमा विरुवा उपलब्ध गराउनका लागि यस गाउँपालिका र डिभिजन वन कार्यालय पाल्पाबाट अनुदान उपलब्ध गराउन आवश्यक रकम विनियोजन गर्नुपर्नेछ ।

## परिच्छेद ७

## अपराध तथा दण्ड सजाय र कसुरको जाँचबुझ र कार्यविधि

### ४६. अपराध तथा दण्ड सजाय :

यस स्थानीय तहको क्षेत्रभित्र हुने वन तथा वातावरण सम्बन्धी अपराधमा गरिने दण्ड सजाय वन तथा वातावरण सम्बन्धी संघीय कानून लागु हुनेछ ।

### ४७. कसुरको जाँचबुझ र कार्यविधि :

यस स्थानीय तहको क्षेत्रभित्र हुने वन तथा वातावरण सम्बन्धी कसुरको जाँचबुझ र कार्यविधिका सम्बन्धमा वन तथा वातावरण सम्बन्धी संघीय कानून लागु हुनेछ ।

## परिच्छेद ८

## स्थानीय तहको वन सम्बन्धी संस्थागत संरचना

### ४८. प्रदेश सरकारको भूमिका :

यो ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक सहयोग र स्रोत साधान उपलब्ध गराउन सक्नेछ ।

### ४९. विषयगत समिति :

गाउँपालिकाले वन सम्बन्धी विषयमा काम गर्नका लागि निर्वाचित सदस्यहरु मध्येबाट विषयगत समिति गठन गर्न सक्नेछ र उक्त समितिको काम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम हुने गरी समिति आफैले तय गर्न सक्नेछ । साथै यस कार्यमा समुहको प्रतिनिधित्व सामुदायिक वन महासंघ नेपालले गर्नेछ ।

## ५०. शाखा स्थापना गर्न सक्ने :

(१) यस स्थानीय तहले वन सम्बन्धी विषयमा काम गर्नको लागि आवश्यक शाखा स्थापना गरी आवश्यक मानव स्रोतको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित शाखाले वनका विषयमा आवश्यक सहजीकरण गर्न सक्नेछ ।

## ५१. वन व्यवस्थापनमा गाउँपालिकाको अन्य भूमिका र अधिकार :

यस गाउँपालिकाले वन तथा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन, विशेष महत्वका वनहरुको संरक्षण, वन्यजन्तुको संरक्षण र मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन, वातावरण तथा जैविक विविधताको संरक्षण लगायत स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ञ) र दफा ४ (ङ) मा उल्लिखित वन सम्बन्धी कार्यहरु गर्नको लागि आवश्यक योजना तथा कार्यक्रमको तर्जुमा गरी बजेटको व्यवस्था गर्न सक्नेछ ।

# परिच्छेद ९

# विविध

## ५२. वन क्षेत्रमा प्रवेश नियमन :

(१) वन संरक्षणको दृष्टिकोणले आवश्यक देखिएमा सम्बन्धित वन उपभोक्ता समूहले आफ्नो सबै वन क्षेत्र वा केही निश्चित् वन क्षेत्रमा केही समयका लागि प्रवेश नियन्त्रण गर्न सक्नेछ ।

(२) वन उपभोक्ता समूहलाई हस्तान्तरण नभएको वन क्षेत्रमा केही समयका लागि प्रवेश निषेध गर्नुपर्ने भएमा सो सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ र वन कार्यालयले वन क्षेत्रमा प्रवेश निषेध सम्बन्धी निर्णय गर्दा गाउँपालिकासँग समन्वय गर्नु पर्नेछ ।

## ५३. वन पैदावारको आपूर्ति :

यस गाउँपालिकाको क्षेत्रभित्र धार्मिक तथा सांस्कृतिक कार्य, विपद् व्यवस्थापन, दाह संस्कार, विपन्न वर्गको घरकाज निर्माण र अन्य अत्यावश्यक विकास निर्माणको लागि काठ दाउरा आवश्यक परेमा डिभिजन वन कार्यालय पाल्पाले यस गाउँपालिकासँगको समन्वयमा उपभोक्ता समूहलाई न्यूनतम् शुल्क लिई यी प्रयोजनका लागि काठ दाउरा आपूर्ति गर्न निर्देशन दिन सक्नेछ ।

## ५४. अन्तर स्थानीय तहमा फैलिएको वन व्यवस्थापन :

यस गाउँपालिका र अन्य छिमेकी स्थानीय तह बीच फैलिएको वनको दिगो व्यवस्थापनका लागि अन्तर स्थानीय वन समन्वय समिति गठन गरी सामुदायिक वन उपभोक्ता समूहलाई त्यस्ता वनहरुको व्यवस्थापनका लागि सहजीकरण गरिने छ ।

## ५५. वन सम्बन्धी अध्ययन अनुसन्धान :

यस गाउँपालिकामा रहेको वन सम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक अनुदानको व्यवस्था गरी वनको विकासमा टेवा पुऱ्याउने योजना तर्जुमा गर्नुपर्नेछ ।

## ५६. वनजन्य बीउको उत्पादन :

वन बीउको उत्पादन, विक्री वितरण र निर्यातका लागि यस गाउँपालिकामा पाइने वन पैदावारका बीउहरुको उत्पादन र बजारीकरणका लागि योजना तर्जुमा गरी निजी वन र सामुदायिक वन उपभोक्ता समूहलाई आवश्यक सहयोग उपलब्ध गराउन सकिने छ ।

## ५७. प्रतिवन्ध सम्बन्धी व्यवस्था :

जैविक विविधता र वातावरण संरक्षणका लागि वन पैदावारको संकलन, कटान, उपयोग, ओसार पसार, विक्री वितरण र निर्यातमा प्रतिबन्ध लगाउने सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

## ५८. पुरस्कार सम्बन्धी व्यवस्था :

वन संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संस्था वा समुदायलाई यस गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

## ५९. अधिकार प्रत्यायोजन :

यस गाउँपालिकाको अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष, कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ६०. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने :

यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि यस गाउँपालिकाले वन समवन्धी आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

## ६१. खारेजी र वचाउ :

यस ऐन वा ऐनमा गरिएका व्यवस्था र संघीय कानूनमा गरिएका व्यवस्थाहरु बाझिएमा बाझिएको हदसम्म स्वतःखारेज हुनेछ ।

## ६२. बाधा अड्काउ फुकाउने :

यस ऐनको सन्दर्भमा कुनै दुविधा उत्पन्न भएमा गाउँपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**आज्ञाले**

**बद्रिनाथ लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**